# लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय

**२०८० साल फागुन २२, मंगलवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **कृषि तथा भूमि व्यवस्था मन्त्रालय :** लम्पिस्कीन रोग व्यवस्थापन गर्न भएको खर्च रकम बजेट थप गर्नका लागि स्वीकृति प्रदान गर्ने ।

२. **वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय :** वन सेवाका कर्मचारीहरुको लागि पोशाक संहिता (ड्रेस कोड) कार्यविधि, २०८०मा स्वीकृती प्रदान गर्ने ।

३. **वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय :** वनक्षेत्र भित्रका खोलाखोल्सी व्यवस्थापन कार्यविधि, २०८०मा स्वीकृती प्रदान गर्ने ।

४. **सामाजिक विकास मन्त्रालय :** बजेट व्यवस्थापन ।

५. **सामाजिक विकास मन्त्रालय :** प्रदेश युवा परिषद् विकास समितिको संगठन संरचना तथा अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

६. **स्वास्थ्य मन्त्रालय :** प्रदेश जनस्वास्थ्य प्रयोगशाला निदानात्मक परीक्षण सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०८० स्वीकृत गर्ने ।

७. **स्वास्थ्य मन्त्रालय :** प्रदेश नि:शुल्क रक्त संचार व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने ।

८. **स्वास्थ्य मन्त्रालय :** प्रदेश स्वास्थ्य संस्था स्थापना, संचालन, नवीकरण तथा स्तरोन्नती (पाचौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने ।

९. "लुम्बिनी प्रदेश सरकारको आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमबमोजिम अन्तर्राष्ट्रियस्तरको *बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स शिखर सम्मेलन* मिति २०८० फागुन २८ देखि २९ गतेसम्म (तदनुसार ११ देखि १२ मार्च, २०२४) लुम्बिनीमा आयोजना गर्ने तयारी गरिएकोमा विशेष कारणवश उक्त शिखर सम्मेलन हाललाई स्थगित गर्ने ।"